
कारी ग्रोसमान

NEPALI


# सान्नानी

## स्कूल जान्छिन






आज हजुरबुवाले सान्नानीलाई स्कूल लिएर जानु हुन्छ।
- ओहो, बाहिर त पानी परेछ, हजुरबुवा
भन्नुहुन्छ। तिमी के लगाउछौ त?




- स्वितर, सान्नानी भन्छिन, - म
ठुलो दाजुको त्यो हरियो स्वितर लगाउन
चाहन्छु। - हो त, हजुरबुवा भन्नुहुन्छ।

- र स्कार्फ, सान्नानी भन्छिन। - त्यो आमाको
पहेलो स्कार्फ। - हो त, हजुरबुवा भन्नुहुन्छ।



- र गलाको हार, ठुली दिदिको यो गुलाबी
गलाको हार, सान्नानी भन्छिन।
- तिमीलाई त्यो लगाउन दिन्छ त? हजुरबुवा सोध्छिन.
- दिन्छ नि, सान्नानी भन्छिन।






- र टोपी, सान्नानी भन्छिन - बुवाको यो निलो टोपी।
- तर के त्यो धेरै ठुलो हुन्न र? हजुरबुवा सोध्छिन।
- अहँ, हुन्न, सान्नानी भन्छिन, - यो मलाई
एकदम ठिक्क हुन्छ।



- र बर्षाती, सान्नानी भन्छिन्। - त्यो रातो
बर्षाती। - ठीक छ, हजुरबुवा भन्छिन्। - तर
हामीले गमबूट पनि लगाउनु पर्छ। बहिर पानी परिरहेको छ।




- हैन, सान्नानी भन्छिन। - म यो मेरो रातो जुत्ता
लगाउन चाहन्छु। हैन त्यसो हुन सक्दैन, हजुरबुवा भन्नुहुन्छ।
- बाहिर पानी परिरहेको छ, र गमबूट बिना हामी भिज्छौं।

- हैन! साञ्चानी ठुलो स्वरले कराउछिन। - म मेरो त्यो
राम्रो जुत्ताहरु लगाउन चाहन्छु।
नत्र म स्कूल जान चाहन्न।
म जान चाहन्न! म स्कूल जान चाहन्न!
म जान चाहन्न!





- हैन नि, नानु, हजुरबुवा भन्नुहुन्छ।
- बरु हामी यसो गर्छौं:

एउटा खुट्टामा के लगाउछौ त्यो तिमी निर्णय गर्छौ,
र अर्को खुट्टामा के लगाउछौ त्यो म निर्णय गर्छु।

- हुन्छ त, सान्नानी भन्छिन।

त्यसपछी सान्नानी र हजुरबुवा स्कूल जान्छिन।
पानी परिरहेको छ, र बाटोमा धेरै हिलो भरिएको खाल्डोहरु छन।
सान्नानी दुबै खुट्टाहरुले हिलो भरिएको खाल्डोहरु कुल्चिन्छिन र हिलोको छिता उड्छ।




MEN FARMOR...

एउटा छिता उछिटिएर सान्नानी र
हजुरबुवासगैको केटालाई लाग्छ।
उ दराउदै सानी बहिनिको खुट्टा तिर हेर्छन।
- तर हजुरबुवा, उ भन्छन। - सान्नानीसँग त मात्र ....
- हो त, हजुरबुवा भन्नुहुन्छ, - एक, दुई, एक, दुई, एउटा
गमबूट र एउटा जुता! अनि तिनिहरु यसरी नै अगाडि बढ्छन।
सान्नानीले थाहा पाउछिन की उनको एउटा खुट्टा अलिकति
भिजेको छ।




स्कूलको ढोका नजिकै केही ठुला केटाहरु उभिरहेका छन्। उनिहरुले सान्नानीलाई हेर्छन र हास्छन।

- हजुरबुवा, ति मध्ये एक कराउछन,
- सान्नानीसँग त मात्र ....




- हो त, हजुरबुवा भन्नुहुन्छ, एक, दुई, एक, दुई,
एउटा बूट र एउटा जुत्ता!
अब सान्नानीले थाहा पाउछिन की उनको एउटा खुट्टा
धेरै भिजेको छ।




माछा पसलको भर्‍याङमा बिरालो बसिरहेको छ।
उनी पनि भिजेको छ।
- म्याउ, बिरालो कराउछिन र सान्नानीलाई हेर्छिन।

- हो त, हो त, हजुरबुवा भन्नुहुन्छ। - एक, दुई, एक, दुई,
एउटा बूट र एउटा जुत्ता!
अब सान्नानीको त्यो एउटा खुट्टा धेरै भिज्यो र चिसो भयो।





HEI !

स्कूलमा लास बाटोतिर उभिरहेको छ
र हेरिरहेको छ।
- नमस्कार सान्नानी, उ भन्छन्। - आज तिमी आएर
धेरै खुशी लाग्यो, तिमी आँफैले लुगा लगाएको हो?
- हो, सान्नानी भन्छिन, - तर मेरो एउटा खुट्टा धेरै, धेरै
भिजेको छ र चिसो छ।
- किन भयो त? लास सोद्छन्।
- किनभने बाहिर पानी परिरहेको छ नि, सान्नानी भन्छिन।
- हम्, लास भन्छन्। - स्कूलमा लगाउने चप्पल लगाउनु, अनि
तिमीलाई छितै राम्रो र तातो हुन्छ।




म त्यो भिजेको जुत्ता घर लिएर जान्छु, हजुरबुवा भन्नुहुन्छ,
- अनि त्यो छित्तै सुक्छ। र यो चाँही यहाँ राख्छु। हजुरबुवाले
अर्को बूट सान्नानीको लागि झोलाबाट निकाल्नु हुन्छ।




- तिमीले यो पनि लगाउनु पर्छ, यदि तिमी आज बाहिर जानु पर्छ भने।
- ठीक छ, सान्नानी भन्छिन र अरु बच्चाहरु
भएतिर जान्छिन। - राम्रोसँग जानु!
- राम्रोसँग बस्नु ल! हजुरबुवा भन्नुहुन्छ र पानीमा बाहिर जानुहुन्छ।



सान्नानी स्कूलमा
के लगाउने आफैं
निर्णय गर्छिन्।
तर जब पानी पर्छ, हजुरबुवा पनि
केही निर्णय गर्नुहुन्छ।
यो सान्नानी मन पराउदिनन्।



23

GYLDENDAL
www.gyldendal.no/barnogungdom

ISBN-10: 82-05-30526-9
ISBN-13: 978-82-05-30526-7
9 788205 305267
www.gyldendal.no